"शिक्षा स्वास्थ्य पर्यटन र व्यापारिक पूर्वाधार; बहुसाँस्कृतिक आवासीय समृद्ध सहर"
धरान उपमहानगरपालिका
DHARAN SUB-METROPOLITAN CITY
नगर कार्यपालिकाको कार्यालय
OFFICE OF THE MUNICIPAL EXECUTIVE
धरान, सुनसरी, १ नं. प्रदेश, नेपाल
Dharan, Sunsari, Province No. 1, Nepal

प्रकाशन मितिः २०७७/०३/०३

# नदीजन्य पदार्थ उत्खनन् र सङ्कलनमा रोक लगाईएको सम्बन्धी सुचना

ढुंगा, गिट्टी, वालुवा व्यवस्थापन सम्बन्धमा साविक संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयबाट मिति २०७१ असार ३२ गतेको गोरखपत्रमा जारी गरिएको सुचना बमोजिम देशभरका कुनैपनि नदीनालाहरुबाट बर्षातको समय (असार, श्रावण, र भाद्र महिना) मा ढुंगा, गिट्टी, बालुवाको संकलन तथा उत्खनन् गर्न, गराउन नपाईने भएकाले धरान उपमहानगरपालिका क्षेत्र भित्र रेहेका सेउती, सर्दु, सेहेरा, अधेरी, पटनाली लगायतका सम्पूर्ण खोलाहरुबाट नदीजन्य पदार्थको उत्खनन् गर्ने कार्य २०७७ असार देखि असोज सम्म रोक लगाईएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ । उपमहानगरपालिकाबाट नदीजन्य पदार्थ उत्खनन् गरिने खोलाहरुको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन स्वीकृत भई नदीजन्य पदार्थ उत्खनन्का लागि ठेक्का बन्दोबस्त नभएसम्म कुनै पनि खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन् नगर्न/नगराउन अनुरोध छ । यस विपरित कसैले कार्य गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।